# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)
२०७४ असोज १८ गते

### त्रि.वि.वि.का आंशिक प्राध्यापक डा.महेशकुमार गजुरेलको जीवन रक्षा गर्न आग्रह

### सार्थक वार्तावाट समस्यालाई समयमै सम्बोधन गर।

आंशिक प्राध्यापकहरूलाई करार सेवामा राख्नु पर्ने माग राखी विगत ८ दिनदेखि अनसनरत डा. महेशकुमार गजुरेलको स्वास्थ्य अवस्थाबारे राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गरेको छ। अनुगमन टोलीले डा. गजुरेल र सम्बन्धित वार्ता टोलीका सदस्यहरूसँगको वार्ताको प्रगति लगायत विविध विषयमा समेत जानकारी लिएको छ।

त्रि.वि.वि. र नेपाल सरकारसँग पटक-पटक भएका सम्झौताअनुरूप त्रि.वि.वि.मा प्राध्यापनरत सम्पूर्ण आंशिक प्राध्यापकहरूलाई क़रार सेवामा नियुक्ति गरियोस् भनी एक बुँदे माग राखी मिति २०७४/०६/११ गतेदेखि अनशनरत डा. गजुरेलको स्वास्थ स्थिति जटिल बन्दै गएको पाइएको छ। शिक्षा मन्त्रालयले मिति २०६६/०५/३१ मा गरेको सम्झौता कार्यान्वयन गर्न त्रि.वि.वि.लाई पत्र पठाएकोमा हालसम्म पनि सम्झौता कार्यान्वयन नभएको बुझिएको छ। सो सम्बन्धमा नेपाल सरकार र आंशिक प्राध्यापक संघवीच भएको सम्झौता कार्यान्वयन नभएको पाइएको छ। सो सम्बन्धमा आयोगले आजै समस्या समाधान तथा सम्झौताको कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र शिक्षा मन्त्रालयलाई पत्राचार गरेको छ।

आमरण अनसन जस्तो गम्भीर विषयले समस्यालाई झन् जटिलतातर्फ लैजाने कुरालाई मध्यनजर गर्दै समस्या समाधानको लागि वार्तालाई सार्थक बनाउन तथा डा. गजुरेलको जीवन रक्षा गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। नेपाल आंशिक प्राध्यापक संघसँग भएका विगतका सम्झौताहरू शीघ्र कार्यान्वयन गरी समस्याको उचित समाधान खोज्न समेत आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, Harihar Bhawan, Pulchowk

अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा International Treaty Monitoring Division


च.नं. ८६२ सन्धि

मितिः २०७४/६/१८

श्री शिक्षा मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

**विषयः आंशिक प्राध्यापकहरुसँगको सम्झौता कार्यान्वयन तथा अनसनरत डा. गजुरेलको जीवन रक्षा सम्बन्धमा ।**

उपरोक्त विषयमा त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनरत आंशिक प्राध्यापकहरूलाई करार सेवामा नियुक्ति गरियोस् भनी २०७४/६/११ गतेबाट आमरण अनशन बसेका डा. महेशकुमार गजुरेलको स्वास्थ स्थिति जटिल बन्दै गएको आयोगको अनुगमनबाट पाइएको छ । त्रिभुवन विश्वविद्यालय र नेपाल सरकारसँग पटक-पटक भएका सम्झौताहरु हालसम्म कार्यान्वयन नभएकोले सो अनशन शुरु भएको भन्ने अनुगमनको क्रममा बुझिएको छ ।

सम्झौता कार्यान्वयनको माग राखी आमरण अनसनमा बस्नुपर्ने परिस्थितिले समस्यालाई झन् जटिलतातर्फ लैजाने कुरालाई मध्यनजर गर्दै आंशिक प्राध्यापकहरुसँग भएका सम्झौताहरुको कार्यान्वन तथा सार्थक वार्ताबाट समस्या समाधान गरी डा. गजुरेलको जीवन रक्षा गर्ने कार्यमा तहाँबाट आवश्यक पहल हुने नै छ भन्ने कुरामा विश्वस्त हुँदै सो सम्बन्धमा गरिएका कामको सम्बन्धमा आयोगमा यथाशिघ्र जानकारी पठाईदिनु हुन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २१ बमोजिम निर्देशानुसार अनुरोध गरिन्छ ।

**बोधार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाण्डौं ।

श्री विश्वविद्यालय अनुदान आयोग,
सानोठिमी, भक्तपुर ।

श्री त्रिभुवन विश्वविद्यालय,
किर्तिपुर, काठमाण्डौं ।

बद्रीप्रसाद सुवेदी
नि. प्रमुख